म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११६ बुधबार २० मंसिर २०८० ने. सं. ११४४ कछलागा 6 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाबाट ५ किलो चाँदीसहित तीनजना पक्राउ

हेटौंडा, १९ मंसिर/बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले हेटौंडा उपमहानगरपालिका-१५, स्थित प्रहरीको सुरक्षा पोष्टबाट मकवानपुर प्रहरीले ५ किलो चाँदीसहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको खैरहनी नगरपालिका-३ का ३२ वर्षीय राम भट्ट, भरतपुर महानगरपालिका-२९ का २७ वर्षीय मीनबहादुर गुरुङ र भारत महाराष्ट्रका २४ वर्षीय विजय मारुती छन् । सोमबार प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बा १२ च ७१४० नम्बरको कारलाई सुरक्षा जाँच गर्दा कारको पछाडि लुकाई ल्याएको ५ किलो चाँदीसहित उनीहरुलाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चाँदी, कार र तीनै जनालाई जिल्ला प्रहरी कार्यालय लगिएको छ ।

## बागमतीमा सरकार र प्रतिपक्षको दुरी बढ्दै

निशा गुरुङ



हेटौंडा, १९ मंसिर/ २०७४ पछि डोरमणि पौडेलले नेतृत्व गरेको बागमती प्रदेश सरकार साढे ३ वर्ष चल्यो । साढे ३ वर्षसम्म नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको तत्कालीन नेकपाबाट सरकार चलेको थियो ।

यतिकै नेकपा टुटफुट र एमाले विभाजनका घटनाले सरकार फेरबदलदेखि २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचन र मंसिरमा भएको प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनको नतिजा उथलपुथल बन्यो । नेकपा टुटफुटदेखि एमाले र माओवादी केन्द्रको बीचमा १ महिना भन्दा धेरै समय सम्बन्ध राम्रो भएन । यसअघि पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा पुराना तिक्तता बिर्सिएको एमालेले प्रचण्डकै अस्थिर शैलीका कारण सम्बन्ध बिग्रिएकै छ । यसबीचमा संघदेखि प्रदेशसम्म राजनीतिक उबडखाबड कायमै छ ।

कोशीमा सरकार फेर बदलको घटना वा प्रचण्डले दोस्रो पटक विश्वासको मत लिनुपर्ने अवस्थासम्मलाई विश्लेषण गर्दा एमाले र माओवादीबीचको अन्तर द्वन्द्वलाई सहज अनुमन लगाउन सकिन्छ । प्रतिनिधिसभा र कोशीमा मात्र नभई बागमती प्रदेशमा पनि एमाले र माओवादीबीचको अन्तर द्वन्द्व बेला बखत प्रकट भइरहन्छ । यसले बागमती प्रदेशमा राजनीतिक भुँमरी निरन्तर मढारिएको छ । राजनीतिक भुँमरी मढारिएसँगै आवश्यक कानुन निर्माणमा समस्या बनेको छ । १७ मंसिरमा बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बोलाएको सर्वदलीय बैठकमा निम्तिएको विवादले सरकार र प्रतिपक्षी दलबीचको दुरी घट्नुपर्नेमा बढेको पाइएको छ ।

बागमती सरकार र प्रतिपक्षी नेकपा एमालेबीच दुरी बढ्दै गएको छ । सरकारले प्रतिपक्षीलाई गर्ने व्यवहार र प्रतिपक्षीले सरकारलाई गर्ने अविश्वासले पुन: बागमती सरकार र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबीच दुरी बढ्दै गएको हो । जम्मकट्टेलले आह्वान गरेको सर्बदलीय बैठक सरकारप्रति प्रतीपक्षीबीचको असहमतिका कारण बिना निष्कर्ष सकिएको थियो । संसदीय समितिको सभापति चयन, प्रदेशसभाको हिउँदे अधिवेशन र बजेट पारित गर्दा प्रतिपक्षसँग भएको सहमति कार्यान्वयनका विषयमा छलफल गर्न बसेको सर्वदलीय बैठक बिना निष्कर्ष सकिएको थियो ।

बैठकले प्रदेशसभामा रहेका समितिका सभापतिको टुंगो लगाउने बताइए पनि सो विषयले प्राथमिकता पाउन सकेन । बैठकको अधिकांश समय बजेटका विषयमै छलफल केन्द्रित भएको थियो । छलफलमा प्रतिपक्षी दल नेकपा एमालेले सरकारले आफूसँग गरेका सहमति कार्यान्वयनको माग गरेपछि विवाद निम्तिएको थियो । सहमति कार्यान्वयनको चरणमा नगएसम्म अन्य विषयमा छलफल नहुने अडान प्रतिपक्षी दल एमाले र राप्रपाले राखेपछि मुख्यमन्त्री जम्कट्टेलले बजेटका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र पढेर समेत सुनाएका थिए ।

जसको अर्थ जम्कट्टेलले सहमति कार्यान्वयनमा समस्या आएको भन्दै प्रतिपक्षीलाई सम्झाउन खोजेको देखिन्छ । तर, विपक्षी दलका नेता तथा सांसदहरु उनको कुरामा असहमति जनाउँदै सरकारले गरेको त्रुटिपूर्ण काम सच्याउनु पर्नेमा थिए । प्रतिपक्षी दलले समस्या बुझ्न नसकेको भन्दै मुख्यमन्त्री जम्कट्टेल रिसाएर प्रस्तुत भएका थिए । उनको प्रस्तुतिपछि विपक्षी दलहरु झन् कडा रुपमा प्रस्तुत भएका थिए । सहमति जुट्ने नदेखेपछि मुख्यमन्त्री जम्कट्टेल बैठकबाट बाहिरिएका थिए । जम्कट्टेलले एमालेप्रति आक्रामक भएको पनि पाइन्छ । उनले सामाजिक सञ्जालमा एमालेप्रति आक्रामक टिप्पणीसमेत गर्ने गरेका छन् । जसकारण उनलाई बागमतीको प्रमुख प्रतिपक्षी दल एमालेले सहजै स्वीकार्न नसकेको हो की भन्ने बहस पनि छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतक मधुसुदन पोडेलले विपक्षी दलहरुको उत्तर दिन नसेपछि आफैंले बोलाएको बैठकबाट बाहिरिएको आरोप लगाए । पौडेलले सरकारले बजेट विनियोजन गरेको समयमा भएको सहमति कार्यान्वयन नगर्दा यो अवस्था सिर्जना भएको बताउ । 'बजेट बिनियोजनको बेला सरकार र विपक्षी दलहरुबीच एउटा सहमति भएको थियो । तर , त्यो सहमति सरकारले कार्यान्वयन गर्न कुनै तदारुकता देखाएन ।', सचेतक पौडेलले भने, 'त्यसकारण पनि सर्बदलीय बैठकमा सहमति हुन नसेको हो ।', सचेतक पौडेलले मुख्यमन्त्री जम्कट्टेलले प्रतिपक्षीसँग गर्ने व्यवहार ठिक नभएको बताए ।

उनका अनुसार बजेट कार्यान्वयनको विषयमा सहमति हुन नसकेपनि संसदीय समिति सभापति चयनको विषयमा सहमति गरेर अगाडि बढ्ने बताए । सचेतक पौडेलका अनुसार बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले संसदीय समितिको सभापति चयन प्रकृयामा छलफल गरेर निष्कर्श निकाल्न एमालेबाट आफुसहित सरकारकातर्फ नेकपा माओवादी केन्द्र बागमती संसदीय दलका सचेतक रत्न ढकाल र कांग्रेस संसदीय दलका सचेतक गोविन्द लम्सालला‌ई जिम्मा दिइएको जानकारी दिए ।

सचेतक पौडेलका अनुसार बजेट बिनियोजनको समयमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएको विषयमा प्रतिपक्षीको असहमति भएपनि संसदीय समितिको सभापति चयनमा मिलेर अगाडि बढ्ने बताए । यसैगरी, नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका सचेतक रत्न ढकालले प्रतिपक्षीले जहिले पनि सरकारले राम्रो काम गरेन भनेर आरोप लगाउँदा यस्तो अवस्था सिर्जना भएको बताए । सरकारले गरेको काम प्रतिपक्षीले नदेख्ने र प्रतिपक्षी सँधै आफु मात्रै सहि देख्दा सहमति हुन ढिलाई भएको जनाए । उनका अनुसार सरकार र प्रतिपक्षीबीच अनौपचारिक ढंगबाट सहमतिको प्रयास भइरहेको जानकारी दिए । उनले बागमती सरकारले बजेटको समयमा विपक्षी दलहरुसँग गरेको सहमति छिट्टै कार्यान्वयन गर्ने बताए ।

## हेटौंडामा सम्झिइए नारायण गोपाल



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ स्वर सम्राट नारायण गोपालको ३३ औं पुण्यतिथिको सन्दर्भमा मकवानपुरका संगीत साधकहरूले स्वर सम्राटको स्मरण गरेका छन् ।

हेटौंडा-२ स्थित पी.एम. सेन्टरले एक सांगीतिक साँझको आयोजना गर्दै स्वर सम्राट नारायण गोपालको स्मरण गरेको हो । पी.एम. सेन्टरका संचालक गायक तथा संगीतकार प्रमेन्द्र महर्जन को आयोजना तथा कार्यक्रम संयोजक शर्मिला श्रेष्ठको सभाध्यक्षतामा आयोजित कार्यक्रममा गायकहरु तुलुक लामा, सुनिता शर्मा लुईटेल, हरि घताने, अर्जुन लामा, अनिता मोक्तान, ज्ञान प्रसाद गौतम, घनश्याम ढकाल, बिना राई, बालकलाकार प्रसिद्धि लामिछाने, सुरेश न्यौपाने, मोहनमान सांगामी लगायतले सांगीतिक प्रस्तुति गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. १ का वडा अध्यक्ष सविन न्यौपाने, २ नं. वडा अध्यक्ष विष्णुगोपाल महर्जन, समाजसेवी मुक्तिगोविन्द बैद्य, केदार न्यौपाने, नन्दरत्न स्थापित, शम्भुप्रसाद बास्कोटा, ज्ञानभक्त लामालगायतको सहभागिता थियो ।

कार्यक्रममा अतिथि वडा अध्यक्ष न्यौपानेले नेपाली संगीतको क्षेत्रमा स्वर सम्राट नारायण गोपालको योगदान अतुलनीय रहेको भन्दै विश्वमै फरक संस्कृतिको जगेर्ना गर्न नेपाली कलाकारहरुले खेलेको भूमिका उच्च मूल्यांकनयोग्य रहेको बताए ।

कार्यक्रममा सुनकुमार मानन्धर, गहन खतिवडा, अमृत थापा, विरोध थापा, भीमलाल महर्जन, पुरुषोत्तम आचार्यलगायत संगीतप्रेमीहरुको सहभागिता रहेको थियो ।

## सवारी दुर्घटनामा दुईजना गम्भीर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडा उपमहानगरपालिकामा भएको दुईवटा छुट्टा छुट्टै सवारी दुर्घटनामा परेर दुईजना गम्भिर घाइते भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

सोमवार साँझ हेटौंडा-५ पुस्पलाल पार्क नजिक ना ६५ प ८१७० नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा चालक हेटौंडा-५ सानोपोखराका ३२ वर्षीय रोहितबहादुर मराठ्ठी गम्भिर घाइते भएका छन् ।

हेटौंडा-८ कमानेमा ना ६ त ९८६७ नम्बरको ट्याक्टरले प्र ३-०३-००१ प ६२८० नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक हेटौंडा-८ मनकामनाचोक बस्ने ४६ वर्षीय बबि थापा गम्भिर घाइते भएकी हुन् ।

घाइते दुईजनाको चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । ठक्कर दिने ट्याक्टर र चालकलाई ईलाका प्रहरी कार्यालय पशुपतिनगरको टोलीले नियन्त्रणमा लिएको मकवानपुर प्रहरीले जनाएको छ ।

## कृषि प्रदर्शनीबाट २१ कृषक पुरस्कारका लागि छनोट

साझाकुरा संवाददाता



हेटौंडा, १९ मंसिर/ मकवानपुर थाहा नगरपालिकामा सञ्चालित चौथो थाहा महोत्सवमा आयोजित कृषि मेला प्रदर्शनीमा राखिएका विभिन्न कृषि उपजको नतिजा सार्वजनिक गरिएको छ ।

थाहानगरका करिब डेढसयको हाराहारीमा सहभागिता जनाएको कृषकमध्येबाट पुरस्कारका लागि नतिजा सार्वजनिक गरिएको हो । थाहा नगरपालिकाले प्रदर्शनीका कृषि उपजलाई विभिन्न सात समूहमा विभाजन गरी पुरस्कृत गर्न छनोट गरेको जनाएको छ । कृषिउपजको प्रत्येक समूहबाट पहिलो, दोस्रो र तेस्रो गरी ३/३ जना किसानलाई पुरस्कृत गर्न लागिएको थाहा नगरपालिकाका कृषि विकास शाखाप्रमुख संजय तिवारीले जानकारी दिए ।

थाहा नगरपालिकाले सार्वजनिक गरेको प्रदर्शनीको नतिजा अनुसार काउली तथा जरे बालीतर्फ थाहा-२ को सुमित्रा घलानको काउली प्रथम भएको छ । थाहा-३ को राजकुमार घिसिङको ब्रोकाउली द्वितीय र थाहा-१ को अनिता सिन्तानले उत्पादन गरेको मुला तृतीय भएको छ । फलफूल समूहको तरकारी बालीतर्फ थाहा-२ को साननानी ढकालले उत्पादन गरेको फर्सी प्रथम भएको छ भने थाहा-६ को थाहा सिडको अकबरे द्वितीय र थाहा-४ को कुमार कार्कीले उत्पादन गरेको लौका तृतीय भएको छ ।

कन्दमूल बालीतर्फ थाहा-२ को कृष्ण कार्कीले उत्पादन गरेको पिडालु प्रथम, थाहा-१२ को देउतीमाया आलेले उत्पादन गरेको पिडालु द्वितीय र थाहा-२ को डोलकुमारी ढकालले उत्पादन गरेको बेसार तृतीय भएको छ । त्यस्तै फलफूल बालीतर्फ थाहा-१२ को भक्तबहादुर आलेमगरले उत्पादन गरेको एभोकाडो प्रथम भएको छ । थाहा-१२ कै क्षेत्रबहादुर आलेले उत्पादन गरेको सुन्तला द्वितीय र थाहा-६ को मजिरमान महर्जनले उत्पादन गरेको किबी तृतीय भएको छ ।

आलु बीउतर्फ थाहा-२ को भवानी धमालले उत्पादन गरेको कार्डिनल आलु प्रथम, थाहा-४ को रेशमबहादुर विष्टले उत्पादन गरेको कार्डिनल आलु द्वितीय र थाहा-३ का सानोभाइ खड्काले उत्पादन गरेको पर्पल टप आलुको बीउ तृतीय भएको छ । अन्न बालीतर्फ थाहा-२ को शिवराम कार्कीले उत्पदन गरेको देउती मकै प्रथम, थाहा-२ कै पार्वती ढकालले उत्पादन गरेको देउती मकै द्वितीय र थाहा-२ की रीताकुमारी थापाले उत्पादन गरेको कोदो तृतीय भएको छ ।

अन्य बालीतर्फ थाहा-१२ को दुर्गाबहादुर आलेमगरले उत्पादन गरेको कफी प्रथम, थाहा-६ को बाराही मौरी घारको सेरेना मौरी द्वितीय र थाहा-१२ कै भक्तबहादुर आलेमगरले उत्पादन गरेको कफी तृतीय भएको छ । प्रदर्शनीमा प्रथम, द्वितीय र तृतीय हुने कृषिउपज उत्पादक किसानलाई २५ मंसिरमा थाहा महोत्सव समापनको अवसरमा पुरस्कार वितरण गरिने थाहा नगरपालिका कृषि विकास शाखाप्रमुख तिवारीले जानकारी दिए ।

## चित्लाङ माथि प्यारागलाइडिङ सरर...



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मकवानपुरको पर्यटकीयस्थल चित्लाङमा व्यावसायिकरुपमा प्यारागलाइडिङ उडान सुरु गरिएको छ । बाबु एडभेन्चर्स प्रालिले थाहा नगरपालिकाको चित्लाङमा प्यारागलाइडिङ सेवा सुरु गरेको हो ।

थाहा नगरपाललिका-९ को चन्द्रगिरी डाँडाबाट उडान भरेर वडा नं. ९ कै चित्लाङमा अवतरण गर्ने व्यवस्था गरिएको छ । बाबु एडभेन्चर्सका संस्थापक सानुबाबु सुनुवारले लामो समयको अध्ययन र अनुसन्धानसँगै सरकारबाट स्वीकृति पाएपछि उपत्यका नजिकै प्यारागलाइडिङ उडान भर्ने कार्य भइरहेको जानकारी दिए ।

उनले प्यारागलाइडिङ उडानका क्रममा काठमाडौं उपत्यका, हिमशृंखला, चित्लाङ, मार्खुलगायतका पर्यटकीय स्थलको दृश्यावलोकन गर्न सकिने बताए ।

कम्पनीले रामेछाप, पोखरा, सुर्खेत, दाङलगायतका स्थानमा विदेशी र नेपालीलाई लक्षित गरी प्यारागलाइडिङ सञ्चालन गर्दै आएको छ । चन्द्रगिरी डाँडाबाट उडान सुरु गरेपछि १५ देखि ३० मिनेटसम्म उडान गर्न सकिने बताउँदै उनले हाल छ वटा प्यारागलाइडिङ उडान गर्न सक्ने सामग्री रहेको जानकारी दिए ।

यहाँ प्यारागलाइडिङ उडान भएसँगै चित्लाङ क्षेत्रको पर्यटन विकासमा थप सहयोग पुग्ने छ । थप सामग्रीको व्यवस्थापन गर्दा चित्लाङमा व्यावसायिकरुपमा प्यारागलाइडिङ सञ्चालन गर्दा लागत एक करोड रुपैयाँ पुग्ने कम्पनीको भनाइ छ । यहाँ नेपालीले प्यारागलाइडिङ उडान गरेबापत प्रतिव्यक्ति कम्पनीले आठ हजार रुपैयाँ लिँदै आएको छ ।

### भुल सुधार

यस साझाकुरा राष्ट्रिय दैनिकको २०८० मंसिर १७ गते र १८ गते प्रकाशित पत्रिकामा (अंक क्रमश: ११४ र ११५) हुनुपर्नेमा अन्यथा भएको भुल सुधारिएको छ । -सम्पादक

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रकृतिमाथिको दोहन रोकौं

मनहरी गाउँपालिकाको वडा नं. ७ स्थित क्रसर उद्योग र बालुवा प्रशोधन उद्योगले कानुनविपरित खोला उत्खनन् गरेको पुष्टि भएपछि सरकारले उद्योग संचालनमा रोक लगाएको छ । मनहरी बजारबाट राक्सिराङतर्फ करिब ५ सय मिटर भित्र मनहरी खोलामा मनहरी क्रसर उद्योग र दारिमबास बालुवा प्रशोधन उद्योगले अवैधरुपमा नदीजन्यपदार्थ उत्खनन् गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी सरकारी अनुगमन प्रतिवेदन-२०८० ले पुष्टि गरेको हो । १२ मंसिरमा जिल्ला अनुगमन समितिका पदाधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी, मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलगायतको अनुगमन टोलीले मनहरी खोलामा कानुनविपरित प्राकृतिक स्रोतसाधनमाथि क्षति हुने गरी उत्खनन् भइरहेको पुष्टि गरेको हो । मनहरी खोलामा स्वार्थ समूहको रजगज चलिरहँदा राज्यको अमूल्य सम्पत्ति प्राकृतिकस्रोतको चरम दोहन र राजश्व दुवै गुम्दा पनि सरोकारवाला निकायहरु चुपचाप बनेपछि समाचार प्रकाशनमा आएको थियो ।

समाचार प्रकाशित भएपछि सरोकारवाला निकाय जिल्ला अनुमगन समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समिति प्रमुख ललित घलान र अनुगमन समितिका सहसंयोजक रहेका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईलगायतको टोली उत्खनन् भइरहेको मनहरी खोलामा अनुगमनमा पुगेका थिए । अनुगमनपश्चात बसेको जिल्ला अनुगमन समितिको बैठकले दोषि देखिएका क्रसर उद्योग र बालुवा प्रशोधन उद्योग सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । समितिले मनहरी क्रसर उद्योग र दारिमबास बालुवा प्रशोधन उद्योगलाई ढुंगा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(५) बमोजिम उत्खनन्, संकलन, बिक्री र ढुवानी कार्यमा रोक्का लगाउन निर्देशन दिएको हो । अनुगमन समितिले अनुगमनमा दोषि देखिएपछि क्रसर र बालुवा उद्योग सञ्चालनमा रोक लगाइएको जानकारी दिएको छ । जिल्ला अनुगमन समितिले दुई उद्योगको विद्युत लाइन कटौती गर्ने निर्णय गरी नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई पत्राचार गरेको छ । घाटगद्दी गरिएको नदीजन्य पदार्थको स्टक प्रमाणित गर्न र जरिवाना सम्बन्धमा सम्बन्धित गाउँपालिकालाई ७ बुँदे निर्देशन दिएर प्रक्रिया अगाडि बढाइएको छ । अनुगमन समितिले मनहरी गाउँपालिकालाई छानबीन गरी ७ बुँदामा ७ दिनभित्र प्रतिवेदन पठाउन निर्देशनसमेत दिएको छ । क्रसर र बालुवा उद्योगको दर्ता, नवीकरण अध्यावधिक भए/नभएको, उद्योगले तोकिएको मापदण्ड पूरा गरेको/नगरेको, नदीजन्यपदार्थ घाटगद्दी गरेको क्षेत्र सावर्जनिक वा निजी के हो ?, सरकारी जग्गा अतिक्रमण भएको हो वा होइन ? क्रसर र बालुवा उद्योगको गत आर्थिक वर्ष २०७९/८० को अन्तिम मौज्दात, नदीजन्यपदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणबाट गत र चालू आवमा भएको राजश्व संकलनको अवस्थालगायतको विषयमा गाउँपालिकासँग जवाफ मागिएको छ ।

राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने मनहरी खोलामा मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले साउन महिनादेखि नै नदीजन्यपदार्थको (ढुंगा, गिट्टी र बालुवा) अवैध उत्खनन् गरिरहेका थिए । कानुनत: असार, साउन र भदौमा खोलामा मान्छेले पनि उत्खनन् गर्न पाउँदैनन् । तर, यी दुई क्रसरले मेसिनसहित टिपर र ट्र्याक्टर प्रयोग गरेर मनहरी खोलाको दोहन गरि रहेका थिए । दुई क्रसरले महिनौंदेखि दोहन गरिरहेको स्थान मनहरी बजार नजिकै पर्छ । अवैध उत्खननमा सक्रिय दुवै क्रसर उद्योग अवैध हुन् । पुल, बस्ती र वन क्षेत्रबाट ५ सय मिटर टाढा मात्रै क्रसर उद्योग राख्न पाइन्छ । तर, मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग मादपण्डविपरित चलेका छन् । मनहरी बजार बाट ५ सय मिटर नजिकै र वन क्षेत्रसँगै जोडिएका क्रसर र बालुवा उद्योग निर्वाध सञ्चालन भइरहेका हुन् । क्रसरले मनहरी खोला नै कब्जा गरेर नदीजन्यपदार्थ घाटगद्दी गरेको हो । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले दोहन गरिरहेको खोलामा वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नभएको राक्सिराङ गाउँपालिकाले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २१ गते बिहीबार, ७ डिसेम्बर २०२३ । दशमी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:०७ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस गुह्येश्वरी यात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहमतिका कार्यहरु हुनेछन् | **तुला** | : रमाइलो यात्रा हुनेछ |
| **वृष** | : नया् कार्य सम्पन्न हुनेछ | **वृश्चिक** | : धन कमाउने योग परेको छ |
| **मिथुन** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | **धनु** | : पश्चात्ताप लाग्नेछ |
| **कर्कट** | : सन्तानबाट सन्तोष मिल्नेछ | **मकर** | : शारीरिक आलस्यता बढ्नेछ |
| **सिंह** | : विवाद पर्न सक्नेछ | **कुम्भ** | : सकारात्मक सोचाइ रहनेछ |
| **कन्या** | : दाम्पत्य सुख मिल्नेछ | **मीन** | : दया मायाका कार्य हुनेछन् |

# राजतन्त्र फर्काएर वैभवशाली जीवन बाँच्ने रहर !



✍ रोहित दहाल

'राजा आऊ, देश बचाऊ !' केही समूहमा मानिस जम्मा भएर अहिले कतिपय ठाउँमा यस्ता नारा लगाइरहेको हामीले देखिर हेका छौँ । चिया पसल र आफन्तहरू जमघट भएका ठाउँहरूमा केही केही मानिस राजा चाहिन्छ, हिन्दु राष्ट्र चाहिन्छ भनेर ठुलो ठुलो स्वरमा बोल्ने गरेका पनि हामीलाई थाहा नै छ । लोकतान्त्रिक समाजमा विभिन्न मत राख्ने स्वतन्त्रता हुनु स्वाभाविक हो । तर केही समय यता लोकतन्त्र र गणतन्त्रविरुद्ध अराजक र उत्तेजक शैलीमा बोल्ने र जातीय, लैङ्गिक अपमानजनक तरिकाले बोल्ने जस्ता गतिविधि बढ्दै गएका छन् । लोकतन्त्र र गणतन्त्र भनेको मुखमा जे आयो त्यही बोल्ने, तल्लो स्तरका शब्द प्रयोग गरी अरूको मानमर्दन गर्ने, सामाजिक सञ्जालमा छाडा गतिविधि गर्ने जस्ता स्वतन्त्रता हुनु पर्छ भन्ने हैन ।

गणतन्त्र र लोकतन्त्रप्रति जनताले जेजस्ता अपेक्षा गरेका थिए, ती पूरा हुन नसकेको भने अवश्य हो । राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र समग्र व्यवस्थाका अवयवहरूमा नयाँपन आउनुपर्नेमा त्यो हुन सकेन । गणतन्त्र र लोकतन्त्रलाई परिपक्व बनाउन लोकतान्त्रिक गणतन्त्रवादीहरूले जसरी एकताबद्ध भएर ऐन, नियम, कानुन ल्याउन सहकार्य गर्नुपर्ने थियो, त्यो नभएर आपसमा तिक्तता, पदप्रतिको आसक्ति र अकर्मण्य कार्यशैली हाबी हुँदै गए । सामाजिक रूपान्तरण, आर्थिक परिवर्तन, जनभावनाको ठोस कदर गर्ने कुरामा ठुला संसदीय राजनीतिक दलहरू च्युत हुन पुगेका कारण मानिसमा नैराश्यता र आक्रोश भने अवश्य पैदा भएको छ । यसको अर्थ लोकतन्त्र र गणतन्त्रभन्दा जहानियाँ राजतन्त्र ठिक हो भन्नु अर्को गलत विश्लेषण हुन पुग्छ ।

### राजतन्त्र र सांस्कृतिक धरातल

अहिले जसरी विभिन्न सामाजिक सञ्जाल, युट्युब लगायतका माध्यमबाट राजतन्त्र आए देश सुन्दर र समृद्ध हुनेथियो भन्ने ढङ्गले केही मानिसले प्रचारलाई व्यापक बनाउन खोजेका छन् । त्यो अवस्था भने विल्कुल हैन । नेपालमा राजतन्त्र अन्त्य भएको बेलामा पाँच, सात वर्षको उमेर भएका केटाकेटीहरू अहिले बिस, बाइस वर्षका भएका छन् र ती भर्खर युवा उमेरमा पसेकाहरूले राजतन्त्रको कठोरता देखेका छैनन् ।

अझ छ्यालिस सालपछिको केही खुकुलो राजनीतिक अवस्थामा हुर्किएकाहरूले पनि राजतन्त्रको निरङ्कुश क्रियाकलापलाई भोगेका छैनन् । राजतन्त्रको अनुभव नभएकाहरूलाई अहिलेको नैराश्यताबाट मुक्त हुन राजा चाहिन्छ भन्ने लाग्नु स्वाभाविक होला । त्यसै गरी हिजो राजतन्त्रका बेला सत्तामा बसेर राइँदाइँ गरेकाहरूलाई पुन: राजतन्त्र फर्काएर त्यस्तै वैभवशाली जीवनमा बाँच्ने रहर लाग्नु पनि स्वाभाविक हो । लोकतन्त्र र गणतन्त्रले दिएका सीमित उपलब्धिलाई नबुझेका वा बुझ्न नचाहनेहरूले पनि अहिले राजाले देश बचाउलान् भनेर सोच्नु अनौठो हैन । तर वास्तविक गहिराइमा गएर हेर्ने हो भने राजतन्त्रको आन्द्राभुँडी खोतल्न सजिलै सकिन्छ ।

राजतन्त्रको इतिहास हेर्ने हो भने शाह वंशको उदयपछि पृथ्वीनारायण शाहले हिन्दु संस्कृतिमा विकसित गोरखा राज्यको विस्तार गर्ने अभिलाषाले नेपालको एकीकरण गरेका थिए तर त्यो भौगोलिक एकीकरणभित्र अन्य जाति, भाषा, धर्म र संस्कृतिको अपनत्व खोसिएको थियो । त्यसपछि बहादुर शाहको पालामा केही वीरतापूर्ण कार्य गरेको र राजा महेन्द्रले खस हिन्दुत्वको जगमा उभिएर एउटै भाषा एउटै भेषको नाराभित्र केही सुधारवादी काम गरेको बाहेक नेपालका राजाहरू सधैँभरि रानी, पटरानी, दास, दासीहरूलाई आफ्नो राजकीय शक्तिबाट कँज्याएर भोगविलासमा मात्र मस्त भएका देखिन्छन् । नेपालमा फेरि पनि राजतन्त्र ल्याउनु भनेको एक जना देखाउने रानीबाहेक अनेकौं पटरानी र दासीहरूसँग रासलीलामा मग्न हुने राष्ट्रप्रमुखको संस्कृति विकास गराउनु हो । विगतमा राणाहरूका हातमा सत्ता सुम्पेर सुरासुन्दरी, भोगविलासमा रम्नु नै नेपाली शाह वंशको प्रवृत्ति बनेको देखिन्छ । राजाहरूलाई बहुविवाह गर्दा कानुन लाग्दैन भन्ने कुरा पछिल्ला राजा महेन्द्रका परस्त्री गमनबाट जन्मिएका अघोषित राजकुमार हरूको कथा नियाल्दा पनि थाहा हुन्छ ।

राजा वीरेन्द्रका लुकेका महिला हिंसाको घटनाहरू दरबारभित्रका मानिसबाटै सार्वजनिक भइरहेका पनि छन् । राजदरबार भनेको यस्तो आपराधिक संस्कृतिको जग हो, जहाँ बाउलाई मार्ने छोरालाई पनि राजा घोषणा गरिन्छ ।

प्रजातान्त्रिक भनिएको संवैधानिक राजतन्त्रको समयमा राजा वीरेन्द्रको परिवारको नारायणहिटी दरबारमा हत्या भएको थियो । सो हत्याकाण्डमा तत्कालीन दरबारले राजकुमार दीपेन्द्रलाई राजा वीरेन्द्रको हत्यारा बताएको थियो र अन्तिम राजा ज्ञानेन्द्रको निर्देशनमा बनाएको छानबिन समितिले पनि दीपेन्द्रलाई नै हत्यारा ठहऱ्याएको थियो । हत्यारा भनिएको र मृत्युशय्यामा ढुकढुकी मात्र चलेको दीपेन्द्रलाई दरबारले हत्तपत्त राजा घोषणा गरेको हामी सबैलाई थाहा नै छ । संवैधानिक राजतन्त्र भनिएको व्यवस्थामा त हत्यारा घोषणा गरेकालाई राजा बनाउने परम्परा कायम थियो भने निरङ्कुश राजतन्त्रमा यस्ता लुकेका अपराधहरू कति हुन्थे होलान् भन्ने अनुमान सहजै गर्न सकिन्छ ।

त्यस्तै दरबारभित्र गाँजा, अफिम, स्म्याक्सलगायतको प्रयोग हुनु र दरबारबाट नै त्यस्ता पदार्थको तस्करी हुनु राजाको शासनमा सामान्य नै थियो । कालो पदार्थको प्रयोग र कारोबार हुने गरेको घटना दरबार हत्याकाण्ड पछि मात्र सर्वसाधारणले थाहा पाएका हुन् ।

नागरिकको हत्या गरेका अपराधीहरूलाई आममाफी दिन राष्ट्रपतिबाट अनुमोदन भए पनि अदालतले राष्ट्रपतिको अनुमोदनलाई अस्वीकार गरेर अपराधीलाई जेल पठाएको घटना हालसालै सबैले देखेको विषय हो ।

लोकतान्त्रिक गणतन्त्रमा राष्ट्रपतिले समेत कानुनको दायरामा बस्नु पर्छ तर राजतन्त्रमा कहिल्यै त्यस्तो हुँदैन । संवैधानिक राजतन्त्रमा गायक तथा सङ्गीतकार प्रवीण गुरुङलाई पारस शाहले गाडीले किचेर मार्दा पनि राजकुमार भएका कारण सजाय भोग्नु परेन । राजा वीरेन्द्रको वंशनाश भएपछि सैनिक अस्पताल लगिएका शवहरूको पोस्टमार्टम त भएन नै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत शव हेर्न पाएनन् । दीपेन्द्र बाँच्न सक्ने अवस्था थियो वा थिएन भन्ने कुरा पनि दरबारको नियन्त्रणबाट मात्र सूचना आएको थियो । यस्तो थियो संवैधानिक राजतन्त्रसमेत ! यस्तो संस्कृति बोक्ने राजतन्त्र अब नेपालको स्वाभिमान हुन कदापि सक्तैन ।

### राजतन्त्र र राष्ट्रियताको भ्रम

राजतन्त्र राष्ट्रियताको मियो हो भन्ने कुरा पनि पूर्णत: भ्रम मात्र हो । नेपाललाई घोचिरहने कोशी सम्झौता मातृकाप्रसाद कोइरालाले गरेका थिए, जो राजतन्त्रको सबैभन्दा बफादार व्यक्ति बनेका थिए । गण्डक सम्झौता, महाकाली सन्धिलगायतका सन्धिसम्झौता राजनीतिक दलहरूले श्री ५ को सरकार भएका बेला हचुवाको भरमा गरेका थिए । जसले गर्दा देशलाई दूरगामी नकारात्मक असर परेको छ । तर राजावादीहरूले समेत राष्ट्रघाती भन्ने गरेका यस्ता सन्धि, सम्झौता त संवैधानिक राजतन्त्रले नै अनुमोदन गरेको थियो । राजतन्त्र दरबारियाहरूले भनेजस्तै राष्ट्रवादी हुन्थ्यो भने त्यस्ता सन्धि, सम्झौतालाई अनुमोदन गर्न नसकिने भनेर राजाले अडान लिन किन सकेनन् ? घोत्लन जरुरी छ । यस्तो कुरा गरिरहँदा, सरकारले गरेको सिफारिस अनुमोदन गर्न संवैधानिक राजतन्त्रलाई कानुनले बाध्य पारेको थियो भन्ने तर्क पनि गरिएला । यस्तो तर्क गर्ने हो भने हत्यारा भनिएकाको आममाफीसम्बन्धी प्रकरणमा राष्ट्रपतिलाई तल्लो स्तरको गाली गर्ने नैतिक अधिकार पनि राजावादीहरूलाई कदापि हुन्न ।

जनयुद्ध लडेको माओवादी शक्ति र लोकतन्त्रवादी शक्तिबिच भारतमा भएको बाह्रबुँदे सम्झौतालाई विदेशीले गराएको सम्झौता भनेर खुब कराउने गरेका छन् राजावादीहरू । तर यसरी कराइरहँदा उनीहरूले भारतको मध्यस्थतामा दिल्ली सम्झौता गरेर राजा त्रिभुवनले राजपाठ फर्काएको कुरा चाहिँ बिर्सिदिन्छन् । भारतको मध्यस्थतामा भएको राजकाज फिर्ता चाहिँ ठिक हुने अनि भारतीय भूमिमा भएको बाह्रबुँदे सम्झौता चाहिँ गलत हुने तर्कले नेपाली उखान "कुकुर तल परे पनि कुइँ कुइँ गर्छ, माथि परे पनि कुइँ कुइँ गर्छ" भन्ने कुरा नै राजावादीहरूको हकमा लागु हुने गरेको देखिन्छ ।

त्यति मात्र हैन, संवैधानिक भनिएका राजा ज्ञानेन्द्रले २०४६ सालको संविधान मिचेर तुलसी गिरीलाई देशको उपाध्यक्ष बनाए । देश छोडेर भागेका तुलसी गिरी जस्ता मातृभूमिप्रति संवेदहीन पात्रलाई देशको उपाध्यक्ष बनाउने राजाको कदमलाई कुनै कोणबाट पनि राष्ट्रवादी भन्न सकिन्न ।

राजतन्त्रकै समयमा भारतले कालापानीमा आफ्ना सेनाहरू राख्ने काम गऱ्यो । नेपालका त्यतिबेलाका कम्युनिस्टहरूले त्यस कदमको विरोध गरे तर जनतालाई कालापानीको विषयमा बोल्नसमेत राजतन्त्रले रोक लगायो । संवैधानिक राजतन्त्र भएका बेलामा जनताहरूले कालापानी हाम्रो हो भनेर नारा जुलुस गर्न त पाए तर भारतको सामु नेपालका प्रजातान्त्रिक भनिएका श्री ५ का सरकारहरू निरिह भए । अहिले पनि लोकतन्त्रका कारणले गर्दा नै जनताले सडकमा कालापानी र लिपुलेकमाथि भारतको हस्तक्षेपविरुद्ध आवाज घन्काएको हामीले देखेका छौँ । नेपालमा सक्रिय राजतन्त्र रहेको बेलामा नै विसं २०३२ सालमा कालापानी, लिपुलेक समेटिएको नेपालको चुच्चे नक्सालाई हटाउने कार्य भएको थियो । राजतन्त्रले भारतलाई खुसी पारी राजसत्ता टिकाउनलाई नै राष्ट्रवादको नक्कली पोसाक खोलेर हुत्याएको थियो । लोकतान्त्रिक गणतन्त्र आएपछि नै नेपालको व्यवस्थापिकाबाट चुच्चे नक्सा घोषणा गर्ने कार्य भएको थियो । भारतीय विस्तारवादी हैकमका कारण नेपालका सरकारहरूले चुच्चे नक्साका बारेमा थप बोल्न नसके पनि नेपाली जनता र भावी पुस्ताका लागि त्यो भूमि नेपालको हो भन्ने आधार दिएको छ । यस अर्थमा गणतन्त्र राष्ट्रघाती हो र राजतन्त्र राष्ट्रवादी हो भन्ने तर्क गलत साबित हुन्छ ।

### राजतन्त्र र सदाचारको हल्ला

"राजतन्त्रका बेला एउटा राजाले खान्थ्यो अहिले गणतन्त्रमा सयौँ राजाहरू जन्मिएर देश लुटे" भन्ने अर्को आरोप राजावादीहरूले लगाउने गरेका छन् । लोकतान्त्रिक गणतन्त्र आए पनि आर्थिक स्वार्थमा दलहरू र नेताहरू परिरहेको कुरा कसैसँग लुकेको छैन । यस खालका अपारदर्शी आम्दानी, कानुनको बाटोबाट आयआर्जनको माध्यम बनाउने जस्ता कार्यहरू गरेका कारण नै लोकतन्त्र र गणतन्त्रप्रति मानिसहरूमा अविश्वास बढ्दै गएको छ । तथापि लोकतन्त्रमा जनताले चाहेभने यस्ता प्रवृत्तिहरू भएकाहरूलाई सधैँभरका लागि सत्ताच्युत गर्न सक्ने अधिकार पनि हुन्छ । राजतन्त्रमा राजा गँजेडी भए पनि भ्रष्ट, लम्पट, बलात्कारी भए पनि उसलाई हटाउँन हजारौँ जनताले युद्ध लडेर मात्र सम्भव हुन्छ ।

राजतन्त्रमा एउटा राजाले मात्र खान्थे भन्ने कुरा विल्कुल झुट हो । राजतन्त्रमा राजाका जीवित जिजुबा, आमादेखि लिएर नवजात शिशुसम्मले राज्यको भत्ता खाने गर्थे । त्यति मात्र हैन, राजासँग साइनो जोडिएका मानिसहरूले समेत मासिक भत्ता खाने गरेका थिए । साइनो जोडिएका ती मानिस सयौँका संख्यामा थिए । छोटे राजाहरूले पारिवारिक झगडा गरेर आफूले भत्ता पाउनुपर्ने भन्दै अदालतमा जाहेरी दिएका र फैसला भएका कागजात अहिले पनि सङ्ग्रहालयमा छँदै छन् ।

वि.सं २०४८ साल पुस १ गते संवैधानिक राजतन्त्र भनिएको श्री ५ को सरकारले जारी गरेको नेपाल राजपत्रमा नेपालका प्रधानमन्त्रीको मर्यादाक्रम दशौँ नम्बरमा थियो । राजाका आँखा नखुलेका नवजात शिशुभन्दा मुन्तिर प्रधानमन्त्रीलाई राखेर प्रधानमन्त्री पदको तेजोबध गर्ने संवैधानिक राजतन्त्रको चरित्र त त्यस्तो थियो भने निरङ्कुश राजतन्त्र झन् कति परिवारवादमा लिप्त थियो भन्ने अनुमान गर्न धेरै दिमागी कसरत गर्नु पर्दैन । राजासँग तीन पुस्ते साइनो भएका सयौँ मानिसले वैधानिक भत्ता त पाउँथे नै, अझ राजाका अनेक गुठी, दरबार सञ्चालन गर्ने कर्मचारी, सुसारे, बफादार आफन्त र भारदारहरूको लर्कोलाई समेत राज्यले भत्ता खुवाएर राख्नुपर्थ्यो । राजावादीहरूले त्यतिबेला राजदरबार र राजखानदानमा खर्च हुने पैसाको मूल्य र अहिलेको पैसाको मूल्यको तुलनात्मक अध्ययन गर्न जनतालाई भन्दैनन्, बरु त्यतिबेला थोरै पैसाले हुन्थ्यो अहिले धेरै पैसा खर्च भएको छ भन्ने कुप्रचार गरिरहेका छन् । जनताले यसरी कुरा नबुझुन भनेर राजावादीहरूले एकोहोरो हल्ला मात्र गरेका छन् ।

सक्रिय राजतन्त्रका बेलामा केन्द्रीय सरकार, सात विकास क्षेत्र, चौध अञ्चल, पचत्तर जिल्ला, हरेक जिल्लाभित्र कैयौँ इलाका र कयौँ नगर, गाउँ पञ्चायत गरी ६ वटा त संरचना नै थिए जहाँ अहिलेको सात प्रदेशको भन्दा बढी खर्च गरिएकै थियो । राम्रोसँग कार्य गरे अहिलेको प्रदेश सरकारले बरु तल्लो तहको समस्या बुझेर बजेट खर्चन सक्छ तर राजाको त्यतिबेलाको प्रशासन भनेको राजाको हुकुममा काठमाडौँको मानसिकतामा कार्य हुन्थ्यो, जसले गर्दा पहाडी जिल्लाका मानिसको जीवनस्तर कहालीलाग्दो नै थियो । जुलाई १३, २००७ को अनलाइन प्रकाशन 'मेरो संसार' मा उल्लेख भए अनुसार राजा र राजपरिवारलाई २ करोड ५० लाख भत्ता, दरबार मर्मतमा २ करोड रकम, राजदरबारका कर्मचारीलाई ८ करोड खर्च छुट्याएको थियो । अहिलेको सन्दर्भमा सै, प्रदेशका प्रतिनिधि र मन्त्रीहरूसँग तुलना गर्दा पनि त्यो रकम त्यसबेलाको सन्दर्भमा बढी नै हुन जान्छ । तथ्याङ्कले एकात्मक राज्य प्रणालीमा भन्दा सँघीय प्रणालीमा रूपान्तरण भएपछि देशमा १,५०,७५२ जना जनप्रतिनिधि घटेका छन् (मनहरि तिमल्सिना) ।

राजाको मानसिकता कति पैसामुखी थियो भन्ने कुरा बुझ्न धेरै पर पुग्नु पर्दैन, ज्ञानेन्द्रको सत्तालाई हेर्दा नै प्रस्ट हुन्छ । ज्ञानेन्द्रले राजनीतिक दलका नेताहरूलाई जेल हालेर प्रत्यक्ष शासन चलाएको बेला जनताका लागि राहत हुने कुनै काम गरेनन् तर सत्ता हातमा लिने बित्तिकै आफ्नो र राजपरिवारको भत्ता कम भएको भनी मासिक भत्ता बढाएका थिए ।

### राजतन्त्र, भूमिगत गिरोह अनि चरम भ्रष्टाचार

गणतन्त्र आएपछि नेताहरूको आडमा तस्करी र भ्रष्टाचार बढेको भन्ने आरोप राजावादीहरूले लगाउने गरेका छन् । निश्चय नै नेपालमा सुन तस्करी, मूर्ति तस्करीलगायत थुप्रै भ्रष्टाचारी सत्तामा बसेका केही नेताहरूको आडमा हुने गरेका छन् । तर यस्ता तस्करी र भ्रष्टाचारीहरू राजपरिवारका सदस्य, राजाका भारदारहरूबाट सुरु भएको हो र संवैधानिक राजतन्त्रदेखि गणतन्त्रसम्म आउँदा पनि राजपरिवारले बसाएको तस्करी र भ्रष्टाचारको थिति निरन्तर कायम रह्यो । गणतन्त्रको स्थापना भएपछि पनि राजतन्त्रले संस्थागत गरेको तस्करी र भ्रष्टाचार हट्न नसक्नु गम्भीर विषय हो ।

गणतन्त्र आएपछिको सबैभन्दा ठुलो कारवाही गर्ने क्रममा हाल सरकारले ललिता निवास काण्ड, भुटानी शरणार्थी काण्ड, सुन काण्डलगायतमा कारवाही सुरु गऱ्यो, जसमा उपल्लो स्तरका नेता, कर्मचारी र हर्ताकर्ताहरू परेका छन् । यति मात्र पर्याप्त छैन, अझ गहिरो छानबिन गर्न सरकार लाग्नुपर्ने देखिएको छ । तर जति कारवाहीहरू भएका छन्, त्यसलाई समेत नकारात्मक प्रचार गरेर राजावादीहरूले 'राजा नै स्वच्छ हुन्' भन्ने विम्ब खडा गर्ने प्रयत्न गरिरहेका देखिन्छन् ।

गहिरिएर हेर्ने हो भने राजाको शासनमा नै भ्रष्टाचार र तस्करी संस्थागत भएको देखिन्छ । राजतन्त्रले चलाएको पञ्चायती व्यवस्थामा नेपालको कानुनमा राजपरिवारका सदस्यहरू विदेश जाँदा आउँदा अन्तर्राष्ट्रिय विमानस्थलमा उनीहरूको ब्याग जाँच गरिने छैन भन्ने उल्लेख थियो । त्यसको उपयोग गर्दै अधिराजकुमारहरूले नै नेपालका पुरातत्त्व र पुराना मूर्तिहरू तस्करी गर्ने गरेका घटना इतिहास खोतल्ने जोकोहीलाई थाहा छ । राजाका पालामा सुन तस्करीका कयौँ ठुला घट्नाहरू प्रकाशित हुने गरेका थिए तर ती घट्ना प्रकाशित गर्ने पत्रकारलाई आर्थिक, शारीरिक दण्ड दिई पत्रिका समेत बन्द गराइन्थ्यो । राजाका शासनका गलत कुरा सार्वजनिक गर्ने गरेको रिसमा पत्रकार पदम ठकुराठीलाई वि.सं. २०४३ भाद्र २० गते राति घरमा सुतिरहेको बेला गोली हानिएको घटना राजनीतिमा चासो राख्ने सबैले बिर्सन सक्दैनन् । विसं २०३४ सालमा राष्ट्रिय पञ्चायतका सदस्य भएका पदम ठकुराठी पनि एक पञ्च प्रतिनिधि थिए । उनले तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र र धिरेन्द्रले नेपालबाट पुराना मूर्ति र चरेस लिएर विदेश जान्थे र फर्कंदा सुन र हेरोइन ल्याएर तस्करी गर्ने गरेको बताएका छन् । पञ्चायती शासनकालमा नै 'साप्ताहिक मञ्च' नामक पत्रिका निकालेर दरबारको तस्करीको भन्डाफोर गरेका कारण उनीमाथि ज्ञानेन्द्रको निर्देशनमा हत्याको योजना बनेको कुरा ठकुराठी स्वयंले भनेका छन् ।

त्यस्तै भक्तपुरमा भूपतिन्द्र मल्लको पालामा बनेको मन्दिरको गजुर झिक्न मध्यरातमा क्रेन लिएर पुगेको तस्कर समूहलाई त्यहाँका डीएसपी रूपक शर्माले समातेपछि समातिएकाहरूले 'आफूहरूलाई अधिराजकुमार ज्ञानेन्द्र सरकारले गजुर लिन पठाएको' कुरा बताएका थिए । गजुर चोर्न नदिएका कारण डीएसपीलाई दुर्गम ठाउँमा सरुवा गरिएको थियो ।

२०३६ साल (सन् १९७९) को जनमत सङ्ग्रहमा पञ्चायतलाई जिताउन राजाको निर्देशनमा प्रधानमन्त्री सूर्यबहादुर थापाले तराईको वन फाँडेर काठ बिक्रीबाट प्राप्त रकम खर्चेको कुरा विभिन्न विज्ञहरूले लेखेका छन् । सन् १९६३ देखि १९७९ सम्म १६ वर्षको अवधिमा तराई क्षेत्रको जङ्गलमध्ये एक चौथाइ सखाप पारियो । (नेपालको इतिहास, एक मार्क्सवादी दृष्टिकोण, रामराज रेग्मी, पृष्ठ ४०३)

वि.सं २०२९ सालतिरदेखि पञ्चायती प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि भूमिगत गिरोहको कुरा गर्न थालेका थिए । २०३६ सालको जनमत सङ्ग्रहमा पञ्चालयतलाई जिताइसकेपछि सूर्यबहादुर थापा प्रधानमन्त्री भएकै बेला तत्कालीन अधिराज कुमार ज्ञानेन्द्रले उनलाई बोलाएर जापानबाट कपडा झिकाउनका लागि सरकारी कोषको पैसा माग गरेका थिए । प्रधानमन्त्री थापाले नमानेपछि उनले 'दाजु (राजा वीरेन्द्र) को आदेश हो' भनेर धम्की दिएका थिए । पछि बुझ्दा वीरेन्द्रलाई सो विषयमा थाहासमेत नभएको हुँदा सूर्यबहादुर थापाले धीरेन्द्र र ज्ञानेन्द्रको समूहलाई भूमिगत गिरोह भन्दै घुमाउरो किसिमले तत्कालीन पञ्च पत्रकार पदम ठकुराठी र युवा पञ्चको संयोजक समेत भएका जनार्दन शर्मालाई पत्रिका प्रकाशनमा सहयोग गरेको घटना पत्रकार ठकुराठी, हरिहर विरहीलगायतले बताउने गरेको देखिन्छ ।

ज्ञानेन्द्र र धीरेन्द्रले चलाएको माफियातन्त्रलाई भूमिगत गिरोह र गैह्र संवैधानिक शक्तिकेन्द्रको उपनाम दिने तत्कालीन 'साप्ताहिक मञ्च' लाई राजतन्त्रको गिरोहले बन्देज लगाएपछि पत्रकार हरिहर विरहीको सम्पादकत्वमा 'जनज्योति साप्ताहिक' नाममा प्रकाशित हुने गरेको पत्रिकाले विसं २०४३ सालतिर योगी नरहरिनाथको अन्तर्वार्ता प्रकाशित गरेको थियो । योगी नरहरिनाथले र दरबारिया जहानियाँ गिरोहको अराजकतातर्फ सङ्केत गर्दै राजा वीरेन्द्रलाई 'छाता आफैँले बोक्न नसक्नेले अरूबाट ओढ्नु हुँदैन' भन्नुभएको थियो । यो अन्तर्वार्तापछि पत्रकार विरहीलाई जेल र पत्रिका प्रतिबन्ध भएको थियो ।

"कुलेखानी जलविद्युत आयोजनाको निर्माण कार्यमा ठेकेदार शम्भु कन्स्ट्रक्सन कम्पनीलाई ठेक्का मिलाइदिएबापत राजा महेन्द्रकी छोरी शान्ति सिंहले ठुलो रकम हात पारी त्यस रकमबाट शेर्पा होटल बनाइन् । अधिराजकुमारी प्रिन्सेप शाहको निधन थाइल्यन्डमा तस्करी कार्यमा संलग्न भएका बखत रङगेहात पक्राउ पर्दा हृदयघातबाट हुन गयो ।" भनी नेपालको इतिहास : एक मार्क्सवादी दृष्टिकोण (पृष्ठ ४०३) मा लेखक रामराज रेग्मीले हरिगोविन्द लुइटेलको लेखलाई उद्धरण गर्नुभएको छ ।

### राजतन्त्र र विकास निर्माण

राजतन्त्रमा विकास निर्माण भएको थियो तर गणतन्त्र आएपछि सबै ध्वस्त भयो भन्ने आरोप पनि सुनिने गरिएको छ । नेपालको राजतन्त्र त असक्षम भएका कारण १०४ वर्षसम्म राणाहरूलाई सक्रिय बनाएर भोगविलाशमा वितेको देखिन्छ ।

राजा महेन्द्रले पञ्चायती व्यवस्था लागु गरेपछि विश्वभर चलिरहेको साम्यवादी आन्दोलनको प्रभाव नेपालमा परिहाल्छ कि भन्ने भयले सोभियत सै र चीनमा लागु गरिएका केही कार्यक्रमहरूको नक्कल गर्ने कोसिस गरेका थिए । भूमि सुधार, पूर्वपश्चिम राजमार्ग, नेपाली नोटको चलन, मोहियानी हकलगायतका केही काम भए पनि राजा वीरेन्द्रको आगमनपछि भने खास नयाँ काम भएका थिएनन् । विसं २०४६ सम्म आइपुग्दासमेत शिक्षा, स्वास्थ्यको अवस्था नाजुक नै थियो । दरबारसँग जोडिएकाहरूका सन्तानहरूले बुढानीलकण्ठ स्कुल लगायतका राम्रा स्कुलमा पढ्ने व्यवस्था थियो भने सर्वसाधारणका लागि सरकारी विद्यालय सीमित मात्रामा थिए । महेन्द्रले पूर्व-पश्चिम राजमार्ग बनाए भनेर चर्को स्वरमा बोलिरहँदा गणतन्त्रको आगमनपछि पूर्वपश्चिम लोकमार्ग बनेको विषयवस्तुलाई ओझेलमा पार्न मिल्दैन ।

सक्रिय राजतन्त्रकालमा उद्योगधन्धा खोल्नुपर्दा कि त दरबारका मानिसको मात्र लगानीमा खोलिन्थ्यो कि त दरबारको स्वीकृति लिएर मात्र खोल्न पाइन्थ्यो ।

*साभार: रातोपाटी*

# राष्ट्रिय बीमा संस्थान बन्यो कम्पनी, १ वर्षभित्र आईपीओ आउने

काठमाडौं/नेपाल बीमा प्राधिकरणले राष्ट्रिय बीमा संस्थानलाई शर्तसहित कम्पनीमा रुपान्तरण हुन स्वीकृति दिएको छ । ६ वटा शर्तसहित संस्थानलाई जीवन बीमक कम्पनीको प्रमाणपत्र जारी गरिएको प्राधिकरण स्रोतले जनाएको छ ।

बीमासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन पारित भएर २३ असोज २०७९ देखि कार्यान्वयन आएसँगै संस्थान अनिवार्यमा रुपमा कम्पनीमा जानुपर्ने बाध्यता सिर्जना भएको थियो ।

नयाँ कानुन आएपछि राष्ट्रिय बीमा संस्थान ऐन खारेज भएपछि राष्ट्रिय बीमा संस्थानलाई एक वर्षभित्र कम्पनीमा रुपान्तरण गर्नैपर्ने बाध्यता आएको थियो ।

सोहीअनुसार मन्त्रिपरिषद्ले १६ कात्तिक २०७९ मा संस्थानलाई कम्पनीमा रुपान्तरण गर्ने भनी निर्णयअनुसार बीमा प्राधिकरणले १८ कात्तिक २०८० मा संस्थानलाई कम्पनीकरणको पूर्वस्वीकृति दिएको छ । त्यसकै आधारमा राष्ट्रिय बीमा संस्थान कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनीमा रुपान्तरण भएको छ ।

संस्थानको नाम राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड राखिएको छ । कम्पनीमा दर्ता भएर जीवन बीमकको रुपमा दर्ता गरी प्रमाणपत्र पाउँ भनी प्राधिकरणमा निवेदन दिएकाले ६ वटा शर्तसहित प्राधिकरणले जीवन बीमा कम्पनीको प्रमाणपत्र दिएको हो ।



संस्थानका आर्थिक वर्ष २०६८/६९ पछिको लेखापरीक्षण स्वीकृत हुन बाँकी छ । प्राधिकरणले नयाँ कम्पनीलाई कम्पनीमा रुपान्तरण हुन अगाडिको आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण गराई त्यसको प्रतिवेदन ६ महिनाभित्र बीमा प्राधिकरणमा पेश गर्न निर्देशन दिएको छ ।

यस्तै साविकको राष्ट्रिय बीमा संस्थान कम्पनीमा परिणत हुनुअघिका आर्थिक वर्षहरुको सम्पत्ति तथा दायित्वको बीमाङ्कीबाट मूल्यांकन गराई त्यसको प्रतिवेदन ६ महिनाभित्र प्राधिकरणमा पेश गर्न पनि निर्देशन दिएको हो ।

त्यस्तै, राष्ट्रिय जीवनबीमा कम्पनी लिमिटेडले १ वर्षभित्र ५ अर्ब चुक्ता पूँजी पुऱ्याउनुपर्ने भएको छ । कम्पनीमा नेपाल राष्ट्र बैंकको ५५.५६ प्रतिशत सेयर लगानी छ भने उसले थप पूँजी लगानीको प्रतिवद्धता जनाइसकेको छ । नेपाल सरकारले पनि थप पूँजी लगानी गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

संस्थान पब्लिक लिमिटेडमा रुपान्तरण भएसँगै सार्वजनिक निष्कासनमार्फत सर्वसाधारणलाई सेयर जारी गर्नुपर्ने प्राधिकरण स्रोतले जनाएको छ ।

'प्राधिकरणबाट अनुमति प्राप्त गरेको मितिले १ वर्ष भित्र बीमा ऐन, २०७९ को दफा ३६ तथा बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ को खण्ड (क) बमोजिम निर्धारण गरेको चुक्ता पुँजी पाँच अर्ब रुपैयाँ तथा ऐनको दफा ४४ बमोजिमको सेयर संरचना कायम गरी सोको विवरण प्राधिकरणमा पेश गर्ने,' प्राधिकरणले तोकेको शर्तमा भनिएको छ ।

ऐनको दफा ४४ मा बीमकले आफ्नो कुल जारी पुँजीको कम्तीमा ३० प्रतिशत सेयर सर्वसाधारणलाई बिक्री गर्न छुट्याउनुपर्ने व्यवस्था छ ।

बीमा प्राधिकरणले संस्थानलाई कम्पनीमा रुपान्तरण गरी बीमा व्यवसायको प्रमाणपत्र दिँदा १ वर्षभित्र उक्त सेयर संरचना कायम गर्नुपर्ने शर्त तोकेको हो ।

**यी हुन् प्राधिकरणले तोकेका ६ शर्त :**

१. इजाजत प्राप्त गरेको ६ महिनाभित्र बीमा ऐनको दफा ३० को उपदफा (१) बमोजिम राष्ट्रिय जीवन बीमा कम्पनी लि.को नाममा जीवन बीमा व्यवसाय प्रारम्भ गर्नुपर्नेछ ।

२. प्राधिकरणबाट अनुमति प्राप्त गरेको मितिले १ वर्ष भित्र बीमा ऐन, २०७९ को दफा ३६ तथा बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ को खण्ड (क) बमोजिम निर्धारण गरेको चुक्ता पूँजी पाँच अर्ब रुपैयाँ तथा ऐनको दफा ४४ बमोजिमको सेयर संरचना कायम गरी सोको विवरण प्राधिकरणमा पेश गर्ने ।

३. साविकको राष्ट्रिय बीमा संस्थान कम्पनीमा परिणत हुनुअघिका आर्थिक वर्षहरुको सम्पत्ति तथा दायित्वको बीमाङ्कीबाट मूल्यांकन गराई सोको प्रतिवेदन ६ महिना भित्र प्राधिकरणमा पेश गर्ने ।

४. साविक राष्ट्रिय बीमा संस्थानको आर्थिक वर्ष २०६८/६९ तथा सो अघिका आर्थिक वर्षहरुका वित्तीय विवरण स्वीकृत हुँदा प्राधिकरणबाट लगाएका शर्त तथा आदेश पालना गरी ६ महिनाभित्र र साविकको संस्थान कम्पनीमा परिणत हुनु अघिसम्मका आबहरुका वित्तीय विवरणको लेखापरीक्षण गराई सोको प्रतिवेदन प्राधिकरणमा पेश गर्ने ।

५. कर्मचारी सेवा शर्त विनियमावली, आर्थिक प्रशासन विनियमावली, जोखिमाङ्कन, ग्राहक सेवा, बजार प्रवर्द्धन र पुनर्बीमा सम्बन्धी कार्यविधि तथा दिग्दर्शन र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण नीति, प्रक्रिया तथा कार्यक्रम अद्यावधिक गरी १ (एक) महिनाभित्र प्राधिकरणमा पेश गर्ने ।

६. अन्य शर्त तथा अवस्थाका हकमा बीमा ऐन, २०७९ को दफा २९ को उपदफा (५) बमोजिम प्राधिकरणले जारी गरेका निर्देशिका तथा तोकेका अन्य शर्तहरुको समेत पालना गर्नुपर्ने । (स्रोत: अनलाइनखबन)

# 'दान्भी' पोस्टरमा मेसिनगन लिएर लडिरहेकी पूजा



काठमाडौं/पछिल्लो समय साउथ र बलिउडका एक्सन फिल्ममा मेसिनगनको प्रयोग अनिवार्य जस्तै भएको छ । 'केजीएफ', 'पठान', 'एनिमल', 'टाइगर ३' जस्ता फिल्ममा प्रयोग भएको मेसिनगनलाई लिएर राम्रै चर्चा भएको थियो । विशेषगरी ठूला एक्सन सिनमा मेसिनगनको प्रयोग गरिन्छ । अब नेपाली एक्सन प्रधान फिल्म 'दान्भी'मा अभिनेत्री पूजा शर्मा शक्तिशाली मेसिनगनसहित देखिने भएकी छन् ।

मंगलबार उनको चरित्र चित्रण गर्ने एउटा पोस्टर सार्वजनिक गरिएको छ । जसमा उनी मेसिनगन लिएर लडिरहेकी छन् । पूजाको निधारमा चोट पनि छ । सम्भवत: पहिलोपटक नेपाली फिल्ममा मेसिनगनको प्रयोग भएको हो । यही फिल्मका लागि पूजाले महिनौं एक्सनको ट्रेनिङ समेत लिएकी थिइन् । रोमान्टिक भूमिकामा रुचाइएकी उनी पहिलोपटक एक्सन अवतारमा देखिन लागेकी हुन् ।

'जय शम्भु'बाट एक्सन फिल्ममा सम्भावना देखाएका रुपेश तामाङद्वारा निर्देशित फिल्ममा देव मगर र अनुप गडाल निर्माता, पवन राना मगर कार्यकारी निर्माता, कमला लिम्बु, पन्च बहादुर तामाङ र श्रवणकुमार श्रेष्ठ सह-निर्मातामा छन् भने हरि लामा 'घले'को छायांकन, संजोग रानाको संवाद, बन्दे प्रसादको सम्पादन, अर्जुन पोखरेल, नागेश जोशी र केदारराज नेपालीको संगीत रहेको छ ।

त्यसैगरी, फिल्ममा कविराज गहतराज र राहुल बराइलीको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, सत्यम रानाको भीएफक्स तथा नवराज शर्मा मुख्य सहायक निर्देशन छ । निर्देशक तामाङले फिल्मको एक्सनलाई आफूहरुले नयाँ तहमा तयार पारेको बताएका छन् । फिल्मको टिजर केही हप्तामै सार्वजनिक गरिँदैछ । टिजरसँगै फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारीमा निर्माण टिम छ ।

# 'डंकी' ट्रेलरमा लण्डन जान शाहरुखको संघर्ष




मुम्बई/बलिउड सुपर स्टार शाहरुख खानका लागि २०२३ करिअरकै सबैभन्दा स्मरणीय बनेको छ । यही वर्ष उनका दुई फिल्म 'पठान' र 'जवान'ले बक्स अफिसमा ठूलो रेकर्ड बनाए । अब उनी नयाँ फिल्म 'डंकी'बाट यस वर्ष ह्यात्रिक गर्ने धाउन्नमा छन् । यही डिसेम्बर २१ मा रिलिज हुन लागेको फिल्मलाई राजकुमार हिरानीले निर्देशन गरेका हुन् । उनको नाम नै फिल्म सफल हुने आधार मानिन्छ ।

यसबीच, मंगलबार फिल्मको ट्रेलर सार्वजनिक गरिएको छ । शाहरुख 'पठान' र 'जवान'मा भन्दा फरक अवतारमा देखिएका छन् । फिल्मको कथा सन् १९९५ बाट सुरु छ । लण्डन सपनालाई उठाइएको ट्रेलरमा एक्सन, प्रेम र कमेडीको मिश्रिण छ । तापसी पन्नू, विक्की कौशल, विक्रम कोचर र अनिल ग्रोवरलाई शाहरुखको साथीको रुपमा प्रस्तुत गरिएको छ, जसको सपना लण्डन जानु हो ।

आफ्नो र परिवारको सुन्दर भविष्यका लागि लण्डन जान निस्किएका पाँच पात्रले गर्ने संघर्ष र बेहोर्ने मुश्किल परिस्थितिलाई ट्रेलरमा चित्रित गरिएको छ । ट्रेलरले फिल्मको कथा रोचक रहेको संकेत गर्छ । फिल्ममा बोमन इरानीको पनि मुख्य भूमिका छ । निर्देशक हिरानी स्वयंको सम्पादन रहेको फिल्ममा उनका साथै अभिजात जोशी र कनिका ढिलनको कथा, पटकथा तथा संवाद लेखन छ ।

# 'मन्दिरा'पछि 'अभेद्य'मा सहकार्य गर्दै हरि र दीपेश





काठमाडौं/७ वर्ष अगाडि फिल्म 'मन्दिरा'मा सहकार्य गरेका निर्देशक दीपेश सापकोटा र निर्माता हरि भट्ट (सूर्यनाथ)ले अब 'अभेद्य' शीर्षकमा फिल्म निर्माण गर्ने भएका छन् । २०२४ को सुरुवातसँगै छायांकन गर्न लागिएको फिल्ममा कलाकार र प्राविधिकको भने टुंगो लाग्न बाँकी छ । रोमान्स र थ्रीलर जनरामा बन्न लागेको फिल्मको यतिबेला स्क्रिप्ट लेखनको काम अन्तिम चरणमा पुगेको बताइएको छ ।

दीपेशले 'मन्दिरा'बाटै निर्देशनमा डेब्यू गरेका थिए । रेडियो प्रस्तोता हुँदै युवा हुंकार नामक म्यागेजिनको सह-सम्पादक रहिसकेका उनले थुप्रै सर्ट फिल्म र केही म्यूजिक भिडियोको पनि निर्देशन गरेका छन् । उनी निर्देशित दोस्रो फिल्म 'एउटा यस्तो प्रेम कहानी' कोरोना महामारीको समयमा प्रदर्शनमा आएको थियो । त्यस्तै, उनको सर्ट फिल्म 'मिरर'ले केही अन्तर्राष्ट्रिय अवार्ड जितेको थियो ।

निर्माता भट्टले भने यसअघि 'छोरीको कर्म', 'सहारा', 'मन्दिरा' र 'घनचक्कर' गरी तीनवटा फिल्मको निर्माण गरिसकेका छन् । हालै प्याराग्लाइडिङसँग सम्बन्धित डकुमेन्ट्री 'सुवास द एक्रो पाइलट'को निर्माण गरेका उनी 'अभेद्य' हरेक कोणबाट उत्कृष्ट बन्ने दाबी गर्छन् । उनी निर्मित 'मन्दिरा'ले व्यावसायिक सफलता हासिल नगरेको भएपनि फरक शैलीको कथावाचनको प्रशंसा भएको थियो ।

# नवराज विक हत्या प्रकरणमा २३ जनालाई जन्मकैद



काठमाडौं/जिल्ला अदालत रुकुम पश्चिमले साढे तीन वर्षअघि चौरजहारी नगरपालिका सोतीगाँउमा भएको नवराज विकसहित ६ जनाको हत्याको घटनामा २३ जनालाई जन्मकैदको सजाय सुनाएको छ ।

मंगलबार जिल्ला अदालतका न्यायाधीश खडकबहादुर केसीको इजलासले उक्त घटनामा क्रुरतापूर्वक हत्या गरेको, घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जातीय भेदभाव तथा छुवाछुत गरेको आरोपमा तत्कालिन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित २३ जनालाई जन्मकैदको सजाय सुनाएको हो ।

ज्यान मुद्दाको सजाय पाउनेमा जन्मकैदको मुद्दामा सजाय पाउने अन्यमा नवराजकी प्रेमिकाका बाबु (नाम गोप्य), प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मोहन पुन, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, सविन पुन, एक नाबालक, डिल्लीमल्ल ठकुरी, तिलक चन्द, इन्द्रबहादुर ठकुरी, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ललाई जन्मकैदको सजाय सुनाइएको जिल्ला अदालत रुकुम पश्चिमका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले जानकारी दिए । त्यस्तै विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, धनराज राना, नविन घर्ती, भीम पुन, विराज पुन, बिष्णु मल्ल र रमित मगरलाई पनि जन्मकैदको सजाय सुनाइएको छ । उनीहरु हाल पुर्पक्षका लागि थुनामा नै छन् ।

नवराज विककी प्रेमिका, उनकी आमा र भाइले ज्यान मारेको आरोपबाट सफाइ पाएका छन्, तर जातीय छुवाछुतको आरोपमा दोषी ठहर भएका छन् । उनीहरुलाई जनही २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । सूचना अधिकारी कोइरालाले भने, 'यसअघि धरौटीमा छुटेकाहरुले ज्यान मारेको आरोपबाट सफाइ पाए । किशोरी, उनकी आमा र नाबालक भाइ भने जातीय छुवाछुतको आरोपमा मात्रै दोषी ठहर भएका छन् ।'

घटनामा संलग्नको आरोप लागेका दीपेन्द्र चन्द, तुलबहादुर मल्ल, इन्द्रबहादुर मल्ल, भीमबहादुर बुढा, डिल्ली घर्ती, लोकेन्द्र घर्ती, तुलाराम घर्ती र सौरभ पुन गरी ८ जनाले सबै मुद्दामा सफाइ पाएका छन् ।

१० जेठ २०७७ मा जाजरकोटको भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षका नवराज विक आफ्नी प्रेमिकासँग विवाह गर्न साथीहरुसँगै रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती गाउँ पुगेका थिए । त्यस क्रममा किशोरीका आफन्त र गाउँलेले लखेटीलखेटी नवराज विकसहित ६ जनाको हत्या गरेका थिए भने १२ जना घाइते भएका थिए ।

उक्त घटनामा जाजरकोटका नवराज विक, गणेश बुढामगर, सञ्जीव (सञ्जु) विक, लोकेन्द्र सुनार र गोविन्द शाही र रुकुम पश्चिम चौरजहारी नगरपालिकाका टीकाराम नेपालीको मृत्यु भएको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय रुकुम पश्चिमले उक्त घटनामा २ नाबालकसहित ३४ जनाविरुद्ध क्रुरतापूर्वक हत्या गरेको, घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जातीय भेदभाव तथा छुवाछुत गरेको कसुरमा जन्मकैदको सजाय माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

यो घटनामा थुनछेक बहसपछि जिल्ला अदालत रुकुम पश्चिमले आरोपितमध्ये दीपेन्द्र चन्द, तुलबहादुर मल्ल र इन्द्रबहादुर मल्ललाई साधारण तारेखमा छाड्ने आदेश दिएको थियो । त्यस्तै नवराज बिककी प्रेमिकाकी आमालाई एक लाख रुपैयाँ धरौटीमा छाड्न र अरुलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो ।

जिल्लाको थुनछेक आदेशको पुनरावेदन निवेदनमा सुनुवाइ गर्दै उच्च अदालत सुर्खेतले नवराज विककी प्रेमिका र उनका भाइलाई तारेखमा छाड्न आदेश दिएको थियो । त्यस्तै सर्वोच्च अदालतले भीमबहादुर बुढा, डिल्ली घर्ती, लोकेन्द्र घर्ती, तुलाराम घर्ती र सौरभ पुनलाई धरौटीमा छाड्ने आदेश गरेको थियो ।

घटनाको अनुसन्धान गरेको नेपाल प्रहरीको अनुसन्धान प्रतिवेदन अनुसार नवराज विकको टोली घरमा आएपछि युवतीकी आमाले गालीगलौज गरेकी थिइन् ।

उनले तत्काल फोन गरेर चौरजहारी-८ का वडाध्यक्ष डम्बरबहादुर मल्ल र अरु गाउँलेलाई बोलाएकी थिइन् । गाउँलेहरु आएको थाहा पाएपछि नवराज विकसहितको टोली भागेको थियो । त्यस क्रममा युवतीका आफन्त र गाउँलेले लखेटी लखेटी उनीहरुको हत्या गरेको प्रहरीको भनाइ छ ।

प्रहरी अनुसन्धानले चौरजहारी नगरपालिका-८ का वडाध्यक्ष डम्बरबहादुर मल्लसहित ३१ जना घटनामा प्रत्यक्ष संलग्न रहेको र नवराज विककी प्रेमिका किशोरी, उनकी आमा र किशोरीका ठूलोबाबु इन्द्रबहादुर मल्ललाई घटनाको षड्यन्त्रमा सामेल भएको आरोप उल्लेख गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# एनसेलको स्वामित्व बिक्रीबारे छानबिन गर्न समिति गठनको तयारी



काठमाडौं/सरकारले दूरसञ्चार सेवा प्रदायक एनसेलको सेयर खरिद बिक्रीबारे विस्तृत छानबिन गर्ने बताएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ दलका शीर्ष नेताहरुसँग छलफल गरेलगत्तै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले वक्तव्य जारी गरी छानबिन गर्ने बताएको हो ।

नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृत नलिएको र उसलाई जानकारी समेत नगराई अस्वभाविक मूल्यमा भएको कारोबार गरेको देखिएको सरकारले बताएको छ ।

यसबारे छानबिन गर्न प्रधानमन्त्रीले निर्देशन दिइसकेको भन्दै वक्तव्यमा भनिएको छ, 'प्रचलित कानुनी प्रावधान, अन्तर्राष्ट्रिय विधिको पालना, यस्ता क्रियाकलापबाट दुरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने अवसर, राजश्वमा पर्ने प्रभावबारे विस्तृत अध्ययन तथा छानबिन गर्नेछ ।'

सञ्चारमन्त्री तथा सरकारकी प्रवक्ता रेखा शर्माका अनुसार बिहीबार मन्त्रिपरिषद् बैठक छ, त्यही बैठकले सम्भवत छानबिन समिति बनाउनेछ । छानबिनबाट कुनै अनियमिता भएको पाइएमा सम्बन्धित सबैलाई तत्काल कानुन बमोजिम कडा कारबाहीको दायरामा ल्याउने सरकारले बताएको छ ।

मन्त्री शर्माका अनुसार दूरसञ्चार प्राधिकरणले आफैंले सोधीखोजी गरेपछि बल्ल एनसेलले मंगलबार मात्र पत्र पठाएको छ ।

अहिलेसम्म बाहिर आएका सूचनाहरुले छानबिन गर्न जरुरी देखिएको भन्दै उनले भनिन्, 'क्याबिनेटबाट यस सम्बन्धमा अध्ययन तथा छानबिन समिति बन्नेछ । त्यसले सिफारिस गरे बमोजिम सरकार अगाडि बढ्ने छ ।'

यसमा कतिपयले प्रधानमन्त्री र सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देवउालाई समेत जोडेका छन् नि भन्ने सञ्चारकर्मीहरुको प्रश्नमा मन्त्री शर्माले भनिन्, 'जे उठेको छ, त्यसमा कुनै सत्यता छैन । यदि त्यसमा सत्यता हुन्थ्यो भने सरकारले यस्तो निर्णय गर्ने थिएन ।'

सरकार राष्ट्रहितप्रति प्रतिवद्ध रहेको भन्दै उनले नियम विपरीतका कुनै पनि क्रियाकलाप मान्य नहुने बताइन् ।

मलेसियाको कम्पनी आजियटाले एनसेलको सेयर स्वामित्व गैरआवासीय नेपाली सतीशलाल आचार्यको कम्पनी स्पेक्ट्रलाइटलाई बिक्री गरेको छ । नेपाल सरकारको निकायलाई खबर नगरी खरिद बिक्री गरेको भन्दै उक्त कारोबारमाथि प्रश्न उठेका बेला प्रधानमन्त्री प्रचण्डले मंगलबार सरकारी निवास बालुवाटारमा सत्ता गठबन्धनको बैठक राखेर छलफल गरेका थिए ।

छलफलमा सहभागी नेताहरुले उक्त घटनालाई शंकास्पद भन्दै छानबिन गर्न सरकारलाई सुझाव दिएका थिए । 'एनसेनको सेयर खरिद बिक्रीबारे जे जति प्रश्नहरु उठेका छन्, ती गम्भीर छन्, जायज छन्', बैठकमा सहभागी नेपाली कांग्रेसका प्रमुख सचेतक र मेश लेखकले सञ्चारकर्मीहरुसँग भने, 'यसबारे सरकारले तत्काल छानबिन गर्नुपर्छ, सुक्षम ढंगले अध्ययन गर्नुपर्छ भन्ने निष्कर्षमा शीर्ष नेताहरुको बैठक पुगेको छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अमलेखगञ्ज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइन सम्झौता पुसभित्रै

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ नेपाल आयल निगमले झापाको चार आली र अमलेखगञ्ज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइन निर्माण गर्न बिजिनेस टु बिजिनेस (बीटुबी) सम्झौता गर्ने गृहकार्य सुरु गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच दुवै पाइपलाइन निर्माण गर्ने विषयमा गत जेठमा भारत भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री दाहाल र भारतीय प्रधानमन्त्री मोदीबीच सरकारद्वारा सरकारलाई (जीटुजी) सम्झौता भएको थियो ।

मंसिर महिनाभित्रै बीटुबी सम्झौता गर्ने कार्यतालिका थियो तर, सम्झौतालाई प्रक्रियामा लैजान ढिलो भएको कारण पुस अन्तिम सातासम्म सम्झौता गर्ने तयारी भएको बताइएको छ । सम्झौताका लागि निगमका उपप्रबन्धक निर्देशक नागेन्द्र साहको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ । 'मंसिरभित्र बीटुबी गर्नुपर्ने कार्यतालिका थियो,' निगमका प्रवक्ता मनोज ठाकुरले भने, 'तर, सम्झौता प्रक्रिया अघि बढाउन आवश्यक पर्ने प्राविधिक समिति १ महिना ढिलो गरी गठन भएकाले पुस अन्तिम सातासम्म गर्ने गरी गृहकार्य भइरहेको छ ।'

समितिले इन्डियन आयल कर्पोरेसन (आईओसी) को प्राविधिक टोलीसँग २ पटक भर्चुअल र १ पटक भौतिक रुपमा छलफल गरिसकेको प्रवक्ता ठाकुरले बताए । बीटुबी सम्झौताअघि सडकको राइट-वे क्लियरेन्स, चितवनको लोथर र झापाको चारआलीमा पाइपलाइनसँगै टर्मिनल पूर्वाधार निर्माण गर्दा पेमेन्ट अफ मोडेल र पाइपलाइन निर्माणका लागि भारत सरकारले सहयोग गर्ने भनेको खाकाको विषयमा भइरहेको छलफल टुंगो नलागेकाले बीटुबी सम्झौतामा ढिलाइ भएको बताइएको छ ।

झापाको चारआलीमा ओछ्याइने पाइपलाइन र टर्मिनलसहितको भण्डारण गृहमा आर्थिक र प्राविधिक सहयोग आईओसीले गर्नेछ । यसैगरी चितवनमा बिछ्याइने नयाँ पाइपलाइनमा लाग्ने सम्पूर्ण खर्च आईओसी र टर्मिनलसहित बन्ने भण्डारण गृहको निर्माणमा लाग्ने खर्च निगमले व्यहोर्नेछ । 'भारतीय पक्षले चितवनको लोथरमा टर्मिनल र भण्डारणगृह बनाउँदा लाग्ने सम्पूर्ण खर्च एकमुष्ठ उपलब्ध गराइदिन माग राखेको छ, हामीले भने रकम एकमुष्ठभन्दा पनि काम जसरी हुँदै जान्छ, त्यसरी उपलब्ध गराउँदै जाने भनेर आफ्नो कुरा राख्दै आएका छौं,' प्रवक्ता ठाकुरले भने ।

यही दुई विषयमा टुंगो नलाग्दा सम्झौता प्रक्रियामा जान ढिलाइ भएको निगमले जनाएको छ । सन् २०२१ मा भएको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार ती दुई स्थानमा निर्माण हुने भनिएको दुई टर्मिनल भवनका लागि मात्रै तत्कालीन समयमा ६ अर्ब १८ करोड रुपैयाँ खर्च हुने लागत निकालिएको थियो । समयमा काम सुरु नहुँदा अब यो लागत खर्च बढ्ने निगमको भनाइ छ ।

चारआलीमा निर्माण हुने ४२ हजार किलोलिटर (४ करोड २० लाख लिटर) क्षमताको भण्डारणगृह ग्रिन फिल्ड टर्मिनल पनि भारतकै आर्थिक प्राविधिक सहयोग हुने उल्लेख छ । भण्डारणगृहमा पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेल भण्डारण गर्ने निगमले जनाएको छ । अमलेखगन्ज-हेटौंडा-लोथरसम्मको ६२ किलोमिटर खण्डमा पाइपलाइन निर्माण गरिनेछ । लोथरमा १ लाख १ हजार किलोलिटर (१० करोड १० लाख लिटर) क्षमताको भण्डारणगृह निर्माण गरिने निगमले जनाएको छ ।

पहिलो चरणमा दक्षिण एसियामै पहिलो नेपाल-भारत अन्तर देशीय पेट्रोलियम पाइपलाइन नेपालमा बनेको थियो । भारतको मोतिहारीदेखि नेपालको अमलेखगन्ज सम्मको ६९.२ किलोमिटर खण्डमा पाइपलाइन ओछ्याइएको थियो । पाइपलाइनको कुल दूरीमध्ये भारत तर्फ ३२.६५ र नेपालतर्फ ३७.२५ किलोमिटर पर्छ ।

२०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौंबाट र भारतीय समकक्षी मोदीले भर्चुअल प्रविधिमार्फत दिल्लीबाट एकसाथ रिमोट थिचेर यो पाइपलाइन उद्घाटन गरेका थिए ।

# उपमहानगरका तीन ठाउँमा हिंसाविरुद्ध सचेतना

साझाकुरा संवाददाता



हेटौंडा, १९ मंसिर/ महिलाहिंसाबिरुद्धको १६ दिने अभियान अन्तरगत हेटौंडा उपमहानगरपालिकाको ३ वटा ठाउँमा प्रशिक्षण तथा सडक नाटक प्रदर्शन गरिएको छ ।

हेटौंडा उपमहागर पालिकाले नगरको ३, १३ र १६ नम्बर वडामा चेतनामूलक प्रशिक्षण सहित सडक नाटक प्रदर्शन गरेको हो । कार्यक्रम अन्तरगत मंगलबार हेटौंडा-३ बसामाडीमा आयोजित लैङ्गिकहिंसाबिरुद्धको प्रशिक्षणमा अधिवक्ता मनप्रसाद भट्टराईले सहजिकरण गरेका थिए । उनले सहभागीलाई हिंसाको चक्रका बारे जानकारी गराएका थिए । हिंसाको चक्रमा किशोर अवस्था, यौवन अवस्था, गर्व अवस्था र बृद्ध अवस्थामा बढीमात्रमा हुने गरेको जानकारी दिए । उनले अहिले अदालतको मुद्दाको आधारमा ४० कटेका पुरुषहरुवाट हिंसाका घटनाहरु हुने गरेको जानकारी गराए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका महिला तथा बालबालिका मशाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले बालमैत्री स्थानीय शासन, हिंसाका क्रममा आवश्यक पर्ने सरकारी संयन्त्र, न्यायिक समितिका मेलमिलापकर्ताको भूमिका र समाजमा हुने घटनाका बारे सहजिकरण गरेकी थिइन् ।

लैङ्गिकहिंसा अन्त्यको सुनिश्चितता:महिला र बालवालिकामा लगानीको ऐक्यवद्धता भन्ने नाराकासाथ हेटौंडा- १३ बनस्पति र हेटौंडा-१६ हटियामा कार्यक्रम सम्पन्न भैसकेको महिला तथा बालबालिका महाशाखाले जनाएको छ । प्रशिक्षणसँगै सञ्चालित नाटकमा बोक्सीको आरोपमा गरिने हिंसा, श्रीमानले मादकपदार्थ सेवन गरेर गर्ने कुटपिट, ललाई फकाई बाह्य मुलुक लगेर बेचबिखन गर्ने सहितका बिषय समेटिएको थियो ।

कार्यक्रम सञ्चालनको क्रममा नगरस्तरीय महिला जागरण समूह, मानवअधिकार संरक्षण तथा मानवबेचबिखन बिरुद्धको संजाल र राजदेवी महिला बहुउद्देश्यीय सहकारी संस्थासँग समन्वय गरिएको थियो । तीन वडामा सञ्चालित कार्यक्रममा वडाअध्यक्ष सहित जनप्रतिनिधि र स्थानीयको उल्लेखनीय सहभागिता रहेको थियो ।

# बसामाडी जेसीज सप्ताह बुधबारदेखि

साझाकुरा संवाददाता




हेटौंडा, १९ मंसिर/ बसामाडी जेसीजले आफ्नो नियमित कार्यक्रम अन्तरगतको जेसीज सप्ताह विविध कार्यक्रम सहित बुधबारदेखि मनाउने निर्णय गरेको छ ।

मंसिर २० गते बुधबार देखि २३ गतेसम्म बिभिन्न सातवटा कार्यक्रम गरी जेसीज सप्ताह मानउन लागिएको बसामाडी जेसीज वर्ष २०२३ का तालिम संयोजक बुद्धराज अर्यालले जानकारी दिएका छन् । मंसिर १९ गते नेपाल जेसीज वर्ष २०२३ का राष्ट्रिय उपाध्यक्ष सरोज अधिकारीको प्रमुख आतिथ्यतामा बसेको बसामाडी जेसीजको पाँचौ बोर्ड बैठकले जेसीज सप्ताह आयोजना गर्नका लागि कार्यकारिणी उपाध्यक्ष उद्धबराज कठायतलाई सप्ताह मूलकार्यक्रम संयोजक चयन गर्ने निर्णय गरेको छ ।

जेसीज सप्ताह अन्तर गत बिभिन्न ७ वटा कार्यक्रमको मिति, स्थान सहित कार्यक्रम संयोजकहरु चयन गर्ने निर्णय गरिएको अध्यक्ष जनक भण्डारीले बताए । मंसिर २० गते मनिष खड्काको संयोजकत्वमा कमलडाँडा फुटसल मैदानमा अन्तर जेसीज फूटसल प्रतियोगिता, ध्रुब गौतमको संयोजकत्वमा जनप्रिय मावि हटियामा लागूपदार्थ दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम हुनेछ । मंसिर २१ गते र मेश शर्माको संयोजकत्वमा नेपाल परिवार नियोजन संघ हेटौंडामा प्रजनन स्वास्थ्य तथा परिवार नियोजनसम्बन्धी अन्तरक्रिया र सरोज देबकोटाको संयोजकत्वमा हाम्रो घर हेटौंडा-५ मा बालबालिकासँग जेसीजको सहयोगी हात कार्यक्रम हुनेछ ।

२२ गते प्रमोद उप्रेतीको संयोजकत्वमा आशा फाउन्डेसन स्कुलमा खाद्यान्न बितरण र दीपेन्द्र यादवको संयोजकत्वमा सिद्धार्थ शिशुसदन माविमा बक्तृत्वकला प्रतियोगिता हुनेछ । मंसिर २३ गते बुद्धराज अर्यालको संयोजकत्वमा होटल लिडो इन हेटौंडामा समापन तथा पुरस्कार बितरण कार्यक्रम हुनेछ । सामाजिक उत्तरदायित्व सहितको कार्यमा युवाहरुको क्षमता विकासका लागि बसामाडी जेसीजले विविध रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्दे आएको बसामाडी जेसीज वर्ष २०२३ का महासचिव सुरज डंगोलले बताए ।

बसामाडी जेसीजको जेसीज सप्ताह अन्तरगत हुने सबै कार्यक्रममा सहभागिताको लागि सम्पूर्ण सरोकारवालालाई वर्ष २०२३ का तालिम संयोजक एवम् जेसीज सप्ताह समापन तथा पुरस्कार बितरण कार्यक्रम संयोजक अर्यालले अनुरोध गरेका छन् ।

# ४ नम्बर वडामा नयाँ भवन, जग्गादातालाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर ४ को कार्यालय उद्घाटन गरिएको छ । मकवानपुर प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले नवनिर्मित कार्यालय भवनको उद्घाटन गरेका हुन् ।

जिल्ला समन्वय समिति मकवानपुरका र गाउँपालिकाको संयुक्त लगानीमा वडा कार्यालय भवन निर्माण सकिएसँगै उद्घाटन गरिएको हो । चार कोठे वडा कार्यालय भवन निर्माण सम्पन्न भएसँगै अब वडाबाट हुने सबै प्रशासनिक कार्य सहजै संचालन गर्न सकिनेछ । यसअघि पुरानो भवनबाट सेवाप्रवाह हुँदै आएकोमा नयाँ भवनबाट सहज हुने गाउँपालिकाले जनाएको छ । ४ नम्बर वडाका हरिकुमार लामाले ६ आना ३ पैसा तथा जगतबहादुर डिम्डुङले १२ आना क्षेत्रफल जग्गा वडा कार्यालयलाई भवन बनाउन दान गरेपछि सुविधा सम्पन्न भवन निर्माण गरिएको जनाइएको छ ।

भवन उद्घाटनको अवसरमा जग्गादाता दुवै जनालाई सम्मान गरिएको छ । ४ नम्बर वडाध्यक्ष चन्द्रकुमार बलको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा लामा, पालिकाका निवर्तमान अध्यक्ष जीवन लामा, प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्की, वडा नम्बर ३ का अध्यक्ष प्रताप भोम्जन, वडा नम्बर ४ का निवर्तमान अध्यक्ष धनवीर स्याङ्तानलगायतको आतिथ्यता रहेको थियो ।

उद्घाटन कार्यक्रममा कर्मचारी तथा जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मनहरीमा निकुञ्ज र सरोकारवालाबीच अन्तरक्रिया

साझाकुरा संवाददाता




हेटौंडा, १९ मंसिर/ मनहरी गाउँपालिका-६ को कार्यालयले राष्ट्रिय निकुञ्ज र सरोकारावालाबीच अर्न्तक्रिया कार्यक्रम गरेको छ । मंगलबार वडा कार्यालय भवनमा चितवन राष्ट्रिय निकुञ्जका प्रतिनिधि र मध्यवर्ती वन उपभोक्ता समितिका पदाधिकारीबीच अर्न्तक्रिया गरिएको हो ।

अर्न्तक्रियामा विशेषगरी वन्यजन्तुबाट स्थानीय त्रसित भएको र निकुञ्जले बेवास्ता गरेको गुनासो गरेका थिए । पछिल्लो एकसातामा मात्रै बाघको आक्रमणबाट २ जनाको मृत्यु भएपछि निकुञ्जको चौतर्फी आलोचना बढेको स्थानीयको भनाई छ ।

यसअघि पनि स्थानीयले विरोध गरेपनि विशेषगरी वन्यजन्तुले मानिसको ज्यान लिएपछि बढी आक्रोशित भएका छन् । निकुञ्ज प्रशासनको ध्यान ढुंगा, गिट्टी, बालुवा र खोलानाला मात्र भएकाले वन्यजन्तुले मानिसको जनधनमा पुऱ्याएको क्षतिमा बेवास्ता गरेको स्थानीयको बुझाई छ ।

कार्यक्रममा ६ नं वडाअध्यक्ष युवराज थपलियाले नागरिकको अप्ठ्यारोमा निकुञ्ज प्रशासन मौन रहेको जिकिर गरे । 'वन्यजन्तुले दिनहुँजसो समस्या दिन्छ र जनताले स्थानीय सरकारलाई गुनासो गर्छन्', वडाअध्यक्ष थपलियाले भने 'तर, निकुञ्जको कानुनले गर्दा हामी मुकदर्शक हुन बाध्य भएका छौं ।'

यस्तै चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत सन्तबहादुर मगरले जनचेतनामूलक कार्यक्रम गरी जनतालाई सचेत बनाउन आवश्यक रहेको बताए । सीमित श्रोत र ऐनको बाध्यताले आफूहरुले केही गर्न नसकेको भन्दै माथिल्लो स्तरमा कुरा राखी आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने उनको भनाई थियो ।

गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले दीर्घकालीन समाधानको बाटो खोज्नुपर्ने बताए । चितवन लगायतका क्षेत्रहरुमा आरसिसि पर्खाल निर्माण गरिएको उदाहरण दिँदै छिट्टै नै संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक वजेटका लागि पहल गर्ने प्रतिवद्धता जनाए ।

# भिजिट भिसामा यूएई हुँदै रूस पुग्थे नेपाली युवा




काठमाडौं, १९ मंसिर/ नेपाली युवालाई भिजिट भिसामा यूएई लगेर त्यहाँबाट रूसी सेनामा भर्ती गराउन लैजाने गरेको पाइएको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले नेपाली नागरिकलाई रुस लैजाने गिरोहका १२ जनालाई पक्राउ गरेको छ । उनीहरुको प्रारम्भिक बयानका आधारमा नेपाली युवालाई यूएई हुँदै रुसमा लैजाने गरेको खुलेको काठमाडौं प्रहरी प्रमुख एसएसपी भुपेन्द्र खत्रीले अनलाइनखबरलाई बताए ।

रूसमा मारिएका इलाम-९ सुकिलुम्बाका गंगाराज मोक्तान पनि यूएई हुँदै रूसी सेनामा भर्ती हुन गएका थिए ।

प्रहरीले नेपाली युवालाई रुस लैजाने कार्यमा संलग्न रहेको आरोपमा महाराजगञ्ज, लैनचौर र ठमेल क्षेत्रबाट १२ पक्राउ गरेको थियो। पक्राउ पर्नेमा दिपेन परियार, क्षितिज गिरी, सुभाष लामा, मनिष न्यौपाने, रोजल महर्जन, हरि विश्वकर्मा र ईश्वरी अधिकारी छन् ।

यस्तै गोकर्ण अर्याल, सुजाता दाहाल, सन्तोष रोक्का, सन्तोष नेपाल र द्रोण डाँगी पनि पक्राउ परेका छन् ।

काठमाडौं प्रहरी प्रमुख एसएसपी खत्रीका अनुसार, उनीहरुले रुसमा लैजान १२ लाख रुपैयाँसम्म लिएको पाइएको प्रारम्भिक सोधपुछमा खुलेको छ । नेपाली युवालाई आकर्षक रोजगारीको प्रलोभन देखाएर रुसी सेनामा भर्ती हुन पठाएको पाइएको प्रहरीले जनाएको छ ।

रुसी सेनामा भर्ती भएका ६ जना नेपालीको मृत्यु भएपछि रुसी सेनामा रहेका नेपालीलाई फर्काइदिन सरकारले कुटनीतिक नोट समेत पठाएको छ । लगत्तै काठमाडौं प्रहरीले अपरेशन चलाएर नेपालीलाई रुस पठाउने गिरोहलाई समातेको हो ।

युक्रेनसँग युद्ध लडिरहेको रुसले सेनामा भर्ती खोलेपछि मानव तस्करहरुले नेपाली युवालाई पनि लगेको पाइएको थियो । यद्यपि, यसरी कति नेपाली रुसमा पुगे भन्ने स्पष्ट छैन ।

रुसी सेनामा भर्ती भएका नेपालीहरुले सामाजिक सञ्जाल टिकटकमा भिडियो हालेपछि रुसी सेनामा नेपाली पनि भर्ती भएको खुलेको थियो । यसरी रुसी सेनामा भर्ती हुनेमा पूर्वप्रहरी, सेनादेखि सुरक्षागार्डका रुपमा काम गरिसकेकाहरु छन् । युक्रेनी सेनामा पनि नेपाली भर्ना भएका विवरणहरु बाहिर आएका छन् । प्रधानमन्त्रीले सोमबार सम्पादकहरुसँग छलफलका क्रममा पनि भारतको दिल्ली हुँदै २६ जना नेपाली रुस गएको सूचना पाएको बताएका थिए ।

प्रधानमन्त्री प्रचण्डले कुनै देशमा जानै रोक लगाउनु प्रजातान्त्रिक विषय नहुने बताउँदै भनेका छन्, 'तर, त्यहाँ जानु किन जोखिमपूर्ण छ ? अझ सेनामा भर्ती हुन जाने कुरा किन घातक छ भन्ने बुझाउन जनचेतनामूलक कार्यक्रम ल्याउँदैछौं ।' उनले भारत हुँदै गएकाहरुबारे पनि बुझ्न भनेको बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# गौरीटार रंगशालामा अन्तर्राष्ट्रियस्तरको रेसिङ ट्र्याक निर्माण हुने

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडामा इन्टरनेसनल रेसिङ ट्र्याक निर्माण हुने भएको छ । हेटौंडा उपमहानगरपालिमा इन्टरनेसनल रेसिङ सर्किट निर्माण हुने भएको हो ।

नेपाली खेलकुदको ड्रिम प्रोजेक्टका रुपमा हेटौंडा-६, गौरीटारमा निर्माणाधीन केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला) को पार्किङस्थलमा रेसिङ ट्र्याक बनाउने गरी डिजाइन तयार भएको हो । अहिले तयार पारिएको डिजाइन अनुसार १ हजार ३०० मिटरसम्मको रेसिङ ट्र्याक बनाइनेछ । बागमती प्रदेश सरकारले नासा फाउन्डेसन नेपालसँगको सहकार्यमा रेसिङ ट्र्याक बनाउने भएको हो । निर्माण खर्च बागमती सरकारले बेहोर्ने छ भने व्यवस्थापनको काम नासाले हेर्ने छ ।

अहिले निर्माणाधीन रंगशाला ९० करोड रुपैयाँ लागतको हो । रेसिङ ट्र्याक निर्माण कार्य आगामी जनवरीमा सुरु गर्ने तयारी रहेको नासाका सञ्चालक समितिका सदस्य प्रवेश पौडेलले जानकारी दिएका छन् । नासा फाउण्डेसन एक दशकदेखि नेपालको सडक र यातायात, सेफर मोबिलिटी, स्मार्ट सिटी, अटोमोबाइल तथा वातावरणको क्षेत्रमा क्रियाशील छ । नासाले रेसिङ ट्र्याकको लागत तथा अन्य बिवरण भने सार्वजनिक गरेको छैन ।

नासाले सरकारका केही प्रतिनिधिलाई श्रीलंका र फ्रान्सका रेसिङ ट्र्याकको अवलोकन गराएर हेटौंडामा निर्माणका लागि सहमत गराएको हो । 'निर्माणाधीन गौरीटार रंगशालाको सबै जग्गा सरकारी भएकाले यसको पार्किङस्थललाई रेसिङ ट्र्याकका रुपमा विकास गर्न लागिएको हो,' पौडेलले भने 'गेम नभएका बेला पार्किङ स्पेसलाई रेसिङ ट्र्याकका प्रयोग गर्न मिल्ने बनाइने छ ।'

# शिक्षक हित सहकारीमा लामिछाने

साझाकुरा संवाददाता



हेटौंडा, १९ मंसिर/ शिक्षकहित बचत तथा ऋृण सहकारी संस्था मकवानपुरको १४ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनले नया नेतृत्व चयन गरेको छ । सहकारीको अध्यक्ष शिवप्रसाद लामिछाने, उपाध्यक्ष मोहन शर्मा, सचिव कृष्णप्रसाद पोखरेल (ख), सहसचिव सुवाश खनाल, कोषाध्यक्ष गुरुप्रसाद ओझा, सहकोषाध्यक्ष अमृता भट्ट चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा कृष्ण प्रसाद पोखरेल (क), लक्ष्मी अधिकारी, विष्णु धिताल, भरत पोखरेल, सृजना शर्मा, हिमलाल शर्मा, शालिकराम घिमिरे चयन भएका छन् । अधिबेशनले लेखा सुपरीवेक्षण समितिमा संयोजक रामजीप्रसाद हुमगाई र सदस्यमा शत्रुघन दुलाल, लक्ष्मीकुमारी रिमाललाई चयन गरेका छ ।

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीं हुन सक्दछ ।
- हिंसाका घटना लुकाउँदा, ढाक्छोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन् ।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ ।
- त्यसैले नजिकका आफन्तु तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं ।
- पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना